# बैंक तथा वित्तीय संस्थाका अनुपालना अधिकृतहरूसँग अन्तरक्रिया




बैंक सुपरिवेक्षण विभागले जेठ २८ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वाणिज्य बैंक, विकास बैंक र पूर्वाधार विकास बैंकका सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुपालना अधिकृतहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । विभागका उप-निर्देशक शिखा अधिकारीले सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका समसामयिक विषय र उप-निर्देशक अभियान उपाध्यायले नेपालको पारस्परिक मूल्याङ्कनमा देखिएका कैफियत र बैंक तथा वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरण, नियन्त्रण, Targeted Financial Sanction (TFS), Proliferation Financing (PF) / Trade Based Money Laundering (TBML) मा गर्नुपर्ने कार्यका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले सहभागीबाट उठाइएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले अर्थतन्त्रको दिगो विकासको निम्ति सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी निकाय, सुपरिवेक्षकीय निकाय र बैंक तथा वित्तीय संस्थाहरूबीच समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि जारी भएका ऐन, नियम, परिपत्र, अन्य नीतिगत व्यवस्थाको अनुपलाना गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो । कार्यक्रममा बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक र अन्य अधिकृतहरूको समेत उपस्थिति थियो ।

सो अवसरमा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले अर्थतन्त्रको दिगो विकासको निम्ति सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक मनोज गुरुङले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सुजल ढुङ्गानाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शङ्कास्पद विदेशी मुद्राको पहिचान र नियन्त्रणसम्बन्धी अन्तरक्रिया




बैंकिङ विभागले असार २ गते पोखरामा 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण र शङ्कास्पद विदेशी मुद्राबाट हुनसक्ने कारोबार रोकथाम' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विभागका निर्देशक आर्या जोशीको उपस्थितिमा आयोजित कार्यक्रममा उक्त विभागसँगै, पोखरा कार्यालय, वाणिज्य बैंक, विकास बैंक, मनिचेञ्जर, होटेल, ट्राभल एण्ड टुर, एअरलाइन्स, प्याराग्लाइडिङ कम्पनीका प्रतिनिधिसहित ६२ जनाको सहभागिता थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक माधवप्रसाद पोखरेलले 'नगद विदेशी मुद्राको कारोबारसम्बन्धी नियम तथा सीमा रहने जोखिम' र अर्का उप-निर्देशक गेदा पंगेनीले 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा समापन मन्तव्य राख्दै निर्देशक जोशीले शङ्कास्पद विदेशी मुद्रा कारोबारको जोखिम न्यूनीकरणका निम्ति उक्त कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले धन्यवाद ज्ञापन गर्नुभयो । विभागका सहायक निर्देशक प्रलिशा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■